# "कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक" को प्रतिवेदन

कर्णाली प्रदेशसभा

**प्रदेश मामिला समिति**

वीरेन्द्रनगर, सुर्खेत

**कर्णाली प्रदेशसभा**

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।

२०८१ चैत १८ गते

Scanned with CamScanner

कर्णाली प्रदेशसभा

# प्रदेश मामिला समिति

## "कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक" का सम्बन्धमा समितिको प्रतिवेदन, २०८१

(१) "कर्णाली प्रदेश निजामती सेवा ऐन,२०८० लाई संशोधन गर्न बनेको विधेयक"(यसपछि "संशोधन विधेयक" भनिएको) को दफा ५ को उपदफा (८) को खण्ड (ग) मा रहेको "मात्र" भन्ने शब्द झिक्ने।

(२) संशोधन विधेयकको दफा ५ को उपदफा (१०) झिकी त्यसपछिका उपदफाक्रम र सम्वद्ध खण्ड मिलाउने।

(३) संशोधन विधेयकको दफा ५ को उपदफा (१५) पछि देहायको उपदफा (१६)थप्नेः-

"(१६) प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आएको पदनाम र यस ऐन अन्तर्गत बनेको नियमावलीमा भएको पदनाम फरक परेको भए यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको पदनाम कायम गरी पदस्थापन गर्नुपर्नेछ।"

(४) संशोधन विधेयकको दफा ८ झिकी त्यसपछिका दफाक्रम र सम्वद्ध उपदफा तथा खण्ड मिलाउने।

(५) संशोधन विधेयकको दफा ११ मा संशोधनः-

मूल ऐनको दफा २७ को उपदफा (१) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश थप गर्नेः-

"तर यस उपदफामा जुनसुकै कुरा लेखिएको भएता पनि तालिम प्राप्त गरेको आधारमा स्वास्थ्य सेवा वाहेकको चौंथो तहमा सेवा प्रवेश गरी पाँचौं तहमा कार्यरत समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएको कर्मचारीको हकमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको योग्यता प्राप्त गरेको भए एक पटकका लागि छैटौं तहमा स्तरवृद्धि हुन बाधा पर्ने छैन।"

(६) संशोधन विधेयकको दफा १२ को उपदफा (५) मा "कार्य र" भन्ने शब्दहरुको पछाडी "कार्य विवरणमा" भन्ने शव्दहरु थप गर्ने।

(७) संशोधन विधेयकको दफा १२ को उपदफा (६) को प्रतिवन्धात्मक वाक्यांशमा रहेका "पदस्थापना भई" भन्ने शव्दहरुको सट्टा "पदस्थापना नभई" भन्ने शव्दहरु राख्ने र "हुन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "हुन सक्ने छैन" भन्ने शव्दहरु राख्ने।

(८) संशोधन विधेयककोदफा १३ को उपदफा (२) मा रहेका "चार महिना" भन्ने शब्दहरुको सट्टा "एक सय बीस दिन" भन्ने शब्दहरु राख्ने।

(९) संशोधन विधेयककोदफा १५ को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राख्नेः-

"तर यो ऐन प्रारम्भ हुनु भन्दा अघि दफा २५ को उपदफा (१) बमोजिम "क" वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा एक वर्ष वा "ख" वा "ग" वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा पाँच वर्ष सेवा गरिसकेका वा समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीको हकमा एक पटकको लागि र सबै भौगोलिक क्षेत्रमा पद नभएका सेवा, समूह र तहका कर्मचारीलाई बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बाधा पर्ने छैन।"

(१०)संशोधन विधेयकको दफा २६ झिकी त्यसपछिका दफाक्रम र सम्बद्ध विषय मिलाउने।



Scanned with CamScanner

प्रदेश मामिला समितिमा रहनु भएका माननीय सदस्यज्यूहरूको नामावली (वर्णानुक्रम अनुसार)

| क्र.सं. | माननीय सदस्यहरूको नाम,थर | पद |
|---|---|---|
| १. | मा० कल्याणी खड्का | सभापति |
| २. | मा० कृष्णवहादुर जि.सी. | सदस्य |
| ३. | मा० जानकी सिंह | सदस्य |
| ४. | मा० टेकराज पछाई | सदस्य |
| ५. | मा० महेन्द्र के.सी. | सदस्य |
| ६. | मा० राजकुमार शर्मा | सदस्य |
| ७. | मा० वेदराज सिंह | सदस्य |

**मा० कल्याणी खड्का**
**सभापति**
**प्रदेश मामिला समिति**
मिति:२०८१/१२/१८

मा. कल्याणी खड्का
सभापति
प्रदेश मामिला समिति



Scanned with CamScanner